का.जि.प्र.का.द.नं. १००/०५१/५०
२५ असोज २०७९,
मंगलबार
11 October 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २४० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



## दलहरूलाई पहिलो चुनौती
# आन्तरिक असन्तुष्टि

**सत्ता गठबन्धन र एमाले नेतृत्वको गठबन्धन दुबैतिर बागी उम्मेदवार समस्याका रूपमा देखा परेको छ । बागी उम्मेदवारी फिर्ता गर्न सक्नु र नसक्नुले पनि चुनावी परिणामलाई तालमाथि पार्नेछ ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ असोज ।

आगामी चुनावका लागि उम्मेदवारी दर्ता गरेका दलहरु बागी उम्मेदवार व्यवस्थापनमा लागेका छन् ।

निर्वाचन आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत आइतबार मनोनयन दर्ता गराएका उम्मेदवारहरूको विरोधमा उजुरी लिएको छ । मङ्गलबारसम्म प्राप्त उजुरीउपर अध्ययन गरेर निर्णय लिनेछ ।

मनोनयपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने समय असोज २४ गते अपरान्ह ३ बजेदेखि २५ गते साँझ ५ बजेसम्म तोकिएको छ । असोज २५ गते साँझ ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारहरूको नामावली प्रकाशन गर्ने कार्यतालिका छ ।

त्यसपछि मनोनयन दर्ता गराएका उम्मेदवारहरूले आफ्नो नाम फिर्ता लिने भए असोज २६ गते बिहान १० देखि दिउँसो १ बजेसम्मको समय दिइएको छ । उम्मेदवारी फिर्ता लिने समयसम्म दलहरु आन्तरिक असन्तुष्टि मिलाउने र वागी उम्मेदवारी फिर्ताका लागि वातावरण मिलाउनेमा केन्द्रित हुनेछन् । दलहरुले अन्तिम समयमा आएर आफ्ना निर्णयहरु फेरबदल गरेको र कतिपय अवस्थामा दलीय पद्धति विपरीत नेतृत्वले मनोमानी गरेको भन्दै देशका बिभिन्न निर्वाचन क्षेत्रमा नेताहरुको पार्टीको निर्णय लत्याएर विद्रोह गरेका छन् । कतिपयले भने दलको विकल्पमा स्वतन्त्र उम्मेदवारीको घोषणा पनि गरेका छन् ।

नेकपा एमालेलाई मधेश प्रदेशमा बागी उम्मेदवारले टाउको दुखाएको छ । नेता प्रभु साहले पार्टीले दिएको टिकट लत्याएर रौटहट ३ मा स्वतन्त्र उम्मेदवारी दिएका छन् । जनता समाजवादी पार्टी (जसपा)सँगको तालमेलका कारण रुष्ट उनले आफूले मात्रै बागी उम्मेदवारी दिएका हेनन् । आफ्नो नेतृत्वमा एमाले प्रवेश गरेका अन्य नेतालाई एमालेले टिकट नदिएको भन्दै साहले मधेश प्रदेशमा जसपाको भागमा परेका सबै क्षेत्रमा साह समूहले स्वतन्त्र उम्मेदवारी दिएको छ । यो बागी समस्या सल्ट्याउन नसक्दा एमालेलाई मधेश प्रदेशमा अप्ठ्यारो पर्नेछ ।

अन्यत्र पनि बागी उम्मेदवार छन् । दाङ १ मा एमालेका उम्मेदवार शान्ता चौधरीविरुद्ध गंगा चौधरी सत्गौवाले उम्मेदवारी दिएकी छन् ।

काठमाडौं-७ मा एमाले उम्मेदवार विरुद्ध एमालेकै रामवीर मानन्धरले बागी उम्मेदवारी दिएका छन् । एमालेबाट कास्की ३ का उम्मेदवार दामोदर बैरागीविरुद्ध एमालेकै प्रदेश सचिवालय सदस्य जगन्नाथ बास्तोलाले बागी उम्मेदवारी दिएका छन् ।

एमाले सचिव पद्मा अर्यालविरुद्ध एमालेकै कपिलदेव न्यौपानेले बागी उम्मेदवारी दिएका छन् । एमाले-जसपा गठबन्धनका उम्मेदवार प्रमोद साहविरुद्ध सर्लाहीमा एमालेकै मानबहादुर खड्काले बागी उम्मेदवारी दिएका छन् । एमाले नेतृत्वको गठबन्धन र सत्ता गठबन्धन दुबैतिर बागी उम्मेदवार समस्याका रुपमा देखा परेको छ । नेकपा माओवादी अध्यक्ष – बाँकी पृष्ठ २ मा

विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं ।
- विज्ञापन दरमा छुट दिनेभए सोसमेत उल्लेख गरौं ।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमासमेत पठाऔं ।
- तोकिएको दर र छुटको सिमामा रही कारोबार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कालिकोटमा पहिरो

## बेपत्ता मलामीको शव फेला



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २४ असोज ।

कालिकोटमा गएको पहिरोमा परि बेपत्ता भएका १५ मलामीमध्ये केहीको शव फेला परेको छ । कालिकोटको तिलागुफा नगरपालिका ४ राँचुलीमा स्थानीय हेमराज शाहीको मलामी गएका १५ जना बेपत्ता भएका थिए । ती मध्ये केहीको शव फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार शव दहन गर्ने क्रममा सोही क्षेत्रमा ठुलो पहिरो गएकाले १५ जना बेपत्ता भएका थिए । पहिरोमा पर्नेहरुमा तिलागुफा नगरपालिका वडा नम्बर ४ का ५९ वर्षीय वडाध्यक्ष परबहादुर शाही ४७ वर्षीय कालिबहादुर शाही, ६३ वर्षका धनबहादुर शाही, ३१ वर्षका क्षेत्रजंग – बाँकी पृष्ठ २ मा

# आफैले लेखेको संविधान नमान्ने नेताहरू

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ असोज ।

आगामी आमनिर्वाचनका लागि दुई ठूला गठबन्धन बनाएर दलहरु चुनावी मैदानमा उत्रिएका छन् । नेपाली कांग्रेस नेतृत्वको सत्तारुढ गठबन्धनमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा छन् ।

नेकपा एमाले नेतृत्वको गठबन्धनमा जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राप्रपा नेपाल, नेपाल परिवार दल छन् । दुवै गठबन्धनले भागबण्डा गरी १६५ सदस्यीय प्रतिनिधिसभा र ३३० प्रदेशसभाका लागि उम्मेद्वार दिएका छन् । मुख्य रुपमा यिनै उम्मेद्वारबीच प्रतिश्पर्धा हुने निश्चित छ । यसबाहेक थोरै ठाउँमा मात्रै अन्य उम्मेद्वारले जित्न सक्ने आंकलन गर्न सकिन्छ ।

तर उम्मेद्वारी दर्तामा भने दलहरुले आफैले लेखेको संविधानको पालना गरेको देखिएन । विशेषगरी महिला र दलित समुदायको अत्यन्तै न्यून सहभागिता भएको छ । दलित समुदायबाट कांग्रेस, एमाले र माओवादी केन्द्रले एक एक जनालाई मात्रै टिकट दिएको छ । कांग्रेसले मानबहादुर विश्वकर्मालाई रुकुम पश्चिममा उम्मेद्वार बनाएको छ ।







संविधानमा आफैले लेखेको समावेशी प्रावधानप्रति गैरजिम्मेवार बन्दै प्रमुख दलहरुले उम्मेदवार चयन गरेका छन् । विशेषगरी महिला र दलितप्रति दलहरुको उदासिनता प्रश्नयोग्य देखिन्छ ।

एमालेले रुपन्देही-१ मा छबिलाल विश्वकर्मालाई उम्मेद्वार बनाएको छ भने बाँके-१ बाट महेश्वराज गहतराजलाई माओवादी केन्द्रले उम्मेद्वार बनाएको छ । जनसंख्याको अनुपातमा यो सहभागिता तुलना नै हुन सक्दैन । २०६८ को जनगणना अनुसार, दलित समुदायको जनसंख्या १३.६ अर्थात् ३६ लाख बढी छ ।

तर समावेशी व्यवस्थाकै लागि दश वर्ष सशस्त्र विद्रोह गरेको माओवादी केन्द्रले समेत एक जना मात्रै दलित समुदायको उम्मेद्वार बनाएको छ । पार्टी पदाधिकारीमै समावेशी सिद्धान्त अपनाएको कांग्रेसले पनि दलित समुदायबाट एक जनालाई मात्रै उम्मेद्वार बनाएको छ । तुलनात्मक उम्मेद्वारी दिन सुविधा रहेको एमालेले पनि एक जनालाई मात्रै उम्मेद्वार बनाएको छ । महिलाको संख्या समग्रमै कम परेको छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्य अनुसार, १६५ सदस्यीय प्रतिनिधिसभा सदस्यको चुनावमा १९३७ जनाको उम्मेद्वारी परेको छ । तर महिला संख्या १९१ मात्रै छ ।

प्रदेशसभा तर्फ पनि महिला सहभागिता अत्यन्तै न्यून छ । ३३० जना प्रदेशसभा सदस्यका – बाँकी पृष्ठ २ मा

# मलेसियामा चुनावी मुद्दा बन्यो विदेशी कामदार ल्याउने विषय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असोज

नेपालमा जस्तै मलेसियामा पनि आगामी नोभेम्बरमा आम निर्वाचन हुँदैछ । त्यहाँ हुने आम निर्वाचनमा विदेशी कामदारको आपूर्ति चुनावी मुद्दाका रूपमा अगाडि आएको छ । मलेसियाका निवर्तमान मानव संशाधनमन्त्री एम कुला सेगरनले वर्तमान मानव संशाधन मन्त्री एम सागरननको अव्यवहारिक नीतिका कारण देशमा विदेशी कामदारको अभाव भएको र त्यसले अर्थतन्त्रमा असर गरेको सार्वजनिक टिप्पणी गरेका छन् ।

मन्त्री एम सागरननले भने चुनावी उद्देश्यका कारणले विपक्षीहरूले विदेशी कामदारको आपूर्तिका विषयमा देशलाई भ्रमित गरेको दाबी गरेका छन् । उनले मलेसियामा हाल २१ लाख २७ हजार ७ सय २२ जना विदेशी कामदार कार्यरत रहेको र अघिल्लो वर्ष उक्त संख्या ११ लाख मात्रै रहेकोले सरकारमाथि आरोप लगाउनु आधारहिन भएको बताए ।

मलेसियामा कोभिडका कारणले तीनवर्ष भन्दाबढी समय विदेशी कामदार रोकिएका थिए । कोरोना विरूद्धको खोप उपलब्ध भएपछि विदेशी कामदार प्रवेश खुला गरिएको थियो । केहीदिन अघि वर्तमान मन्त्री साराभानन्ले मलेसियाली संसदमा जवाफ दिँदै तत्कालीन मन्त्री एम कुला शेगरननले सन् २०१८ मा बंगलादेशी कामदारमाथि प्रतिबन्ध लगाएका कारणले अहिलेसम्म त्यसको नकारात्मक प्रभाव मलेसियाको श्रम बजारमा रहेको बताएका थिए । – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### चुनावले केहि समय कामदारको मागमा असर पर्ने संभावना

**क्लालालम्पुर/मस-** मलेसियामा आगामी नोभेम्बर १० तारेख अघि नै आम चुनाव हुने भएको छ । मध्ये नोभेम्बरपछि मलेसियामा मनसुन सिजनको शुरूवात हुने भएकोले त्यसअघि नै निर्वाचन गर्न उपयुक्त हुने भएकोले मलेसियाको निर्वाचन आयोगले नोभेम्बर ५ तारेख शनिबारका दिनमा निर्वाचन गर्ने तयारी गरिरहेको बताइएको छ ।

नयाँ निर्वाचनको लागि सोमबार मलेसियाको संसद विघटन गरिएको छ । नेपालका वैदेशिक रोजगार व्यवसायीले आप्रवासी कामदारको एजेण्डा मलेसियामा मुख्य चुनावी मुद्दा रहेकोले चुनावका क्रममा डिमाण्डको लागत – बाँकी पृष्ठ २ मा

# स्वतन्त्र उम्मेद्वारको लहर

गएको स्थानीय चुनावमा गैरदलीय उम्मेदवारले अनपेक्षित नतिजा पाएपछि आमचुनावमा पनि उम्मेदवारी दर्ता गराउनेको लहर देखिएको छ । राजनीतिक दलहरुबाट टिकट नपाएकाहरुमा पनि गैरदलीय उम्मेदवारीप्रति नै आकर्षण देखिएको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ असोज ।

आगामी मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा स्वतन्त्र उम्मेद्वारी दिनेको घुइँचो नै लागेको छ । काठमाडौं महानगरको मेयरमा स्वतन्त्रबाट बालेन्द्र शाहले जितेपछि स्वतन्त्र उम्मेद्वारीको लहर नै चलेको हो । पार्टीमा आबद्ध नभएका मात्रै होइन, पार्टीमा टिकट नपाएका नेताहरु समेत स्वतन्त्र उम्मेद्वारी दिन थालेका छन् । प्रत्यक्ष चुनावका लागि देशभरबाटै ९ सय बढीले स्वतन्त्र उम्मेदवारी दर्ता गरेका छन् । जुन कुल उम्मेदवारीको करिव ३७ प्रतिशत हुनआउँछ ।

'स्वतन्त्र उम्मेद्वारी बढ्नुमा एउटा दलप्रतिको वितृष्णा हो भने अर्को चर्चामा आउने फेसन पनि हो, बालेन्द्रले जस्तै सबैले चुनाव जित्छन् भन्ने छैन, तर दलको भोट भने काट्छन्, राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने । उनले राजनीतिक दलले घोषणापत्रमा उल्लेखित ५० प्रतिशत मात्रै काम भएको भएपनि जनता आशावादी हुने बताएका छन् ।



अहिले नेकपा एमालेका अध्यक्ष केपी ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यष पुष्पकमल दाहाल लगायतका शीर्षस्थ नेताको विरुद्धमा स्वतन्त्र उम्मेद्वारी दिएका छन् । शीर्षस्थ नेताहरुसँग प्रतिस्पर्धा गर्दा एकातिर चर्चामा आउने अनि अर्कोतिर कुनै पार्टीमा स्थान लिन पनि सहज हुनेहुँदा स्वतन्त्र उम्मेद्वारी बढेको नेताहरु बताउँछन् ।

अहिले काठमाडौं-४ मा सबैभन्दा बढी १७ जना स्वतन्त्र उम्मेदवार छन् भने ५ मा १४ जना रहेका छन् । काठमाडौं १ र २ मा ११/११ उम्मेदवार छन् । हालसम्म काठमाडौंका १० निर्वाचन क्षेत्रमा १०५ जनाले – बाँकी पृष्ठ २ मा

# मुगु र हुम्लामा पहिरोः १२ जनाको मृत्यु






**काठमाडौं/मस–** अविरल वर्षा पछिको पहिरोमा परेर १२ जनाको मृत्यु भएको छ । मुगुमा पहिरोमा पुरिएर ८ जनाको मृत्यु भएको छ । जिल्लाको छाँयानाथ रारा नगरपालिका-११ को सालिम भन्ने ठाउँमा मानबहादुर कुमाइको घर पुरिँदा ३ जना बेपत्ता भएका छन् । मुगुका प्रहरी नायब उपरीक्षक सुवास हमालका अनुसार मृत्यु हुनेमा चार महिला र चार पुरुष रहेका छन् । उनीहरुको सनाखत हुन सकेको छैन ।

यस्तै हुम्लाको चखेली गाउँपालिका-६ मेल्छाममा पहिराले घर पुरिँदा चार जनाको मृत्यु भएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार आइतबार राति स्थानीय मानविर विकको घरमाथिबाट पहिरो खसेर घर भत्किँदा चार जनाको मृत्यु हुनुका साथै पाँच जना घाइते भएका छन् । घाइते पाँच जनाको सोमबार बिहान जीवितै उद्धार गरिएको थियो ।

प्रहरीका अनुसार पहिरोमा पुरिएर मृत्यु हुनेमा मेल्छाम गाउँका ६० वर्षीया तुल्सा, सात वर्षीया वसन्ता, नौ वर्षीया सुस्मिता र १२ वर्षीया हैजाली कामी छन् ।

# दैलेखबाट ३६ जनाको उम्मेदवारी

**दैलेख/मस–** दुई प्रतिनीधिसभा र चार प्रदेशसभा निर्वाचन क्षेत्र रहेको दैलेखमा ३६ जनाको उम्मेदवारी परेको छ । उनीहरुले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य पदका लागि उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ। मुख्य निर्वाचन अधिकृत बलराम लम्सालका अनुसार निर्वाचन क्षेत्र नं १ मा नौ र क्षेत्र नं २ मा पाँच समेत १४ जनाले प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवारी दर्ता गराएका छन् ।



निर्वाचन क्षेत्र नं १ को प्रदेशसभा क्षेत्रका लागि 'क' र प्रदेश 'ख' मा पाँच-पाँच गरी १० जनाको उम्मेदवारी परेको छ । निर्वाचन क्षेत्र नं २ का निर्वाचन अधिकृत सरोजनिधि वाग्लेका अनुसार निर्वाचन क्षेत्र नं २ को प्रदेशसभा 'क' मा सात र प्रदेश 'ख' मा पाँचसमेत १२ जनाको उम्मेदवारी परेको छ।

क्षेत्र नं १ प्रतिनिधिसभा सदस्यमा राप्रपाकी महामन्त्री कुन्तीकुमारी शाही, नेकपा (एमाले)का जिल्ला अध्यक्ष रवीन्द्रराज शर्मा, सत्ता पक्षीय गठबन्धनका तर्फबाट नेकपा (एकीकृत समाजवादी)का कर्णाली प्रदेश अध्यक्ष अम्मरबहादुर थापालगायतका नौ जनाको उम्मेदवारी छ। यो क्षेत्रमा एमालेका असन्तुष्ट नेता गोपाल नेपाली, कांग्रेस समर्थक नीरकबहादुर थापा र राजनीति झुकाव कतै नदेखाएका गणेशबहादुर शाहीसमेत तीन जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

नेमकिपाका प्रकाश गुरुङ, राष्ट्रिय स्वतन्त्र पार्टीका इन्द्रप्रसाद शर्मा र नेपाली कांग्रेस (बिपी)का भुपाल थापाले दलीय प्रतिनिधित्व गर्दै चुनाव लड्दै छन् । त्यस्तै दैलेख निर्वाचन क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्य पदका लागि एमालेका पोलिटब्यूरो सदस्य लक्ष्मीप्रसाद पोखरेल र सत्ता पक्षीय गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि दिक्पाल शाहीको उम्मेदवारी परेको छ ।

नेपाल मजदूर किसान पार्टी(नेमकिपा) बाट केशेन्द्रप्रकाश कार्की, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट लोकेन्द्रराज गिरी र राष्ट्रिय स्वतन्त्र पार्टीका बखतबहादुर भण्डारीको उम्मेदवारी परेको छ । प्रदेशसभा सदस्यका लागि निर्वाचन क्षेत्र नं १ को प्रदेश 'क' मा नेमकिपाका जगत ओली, नेपाली कांग्रेसका पूर्णबहादुर खत्री, राप्रपाका हृदयराज शाही, एमालेका धर्मराज रेग्मी र स्वतन्त्र उम्मेदवार चित्रबहादुर खत्रीले उम्मेदवारी दिएका छन् ।

यसैगरी प्रदेश 'ख' मा नेमकिपाका लक्ष्मीकुमारी सिंह, नेपाली कांग्रेसका कृष्णकुमार विसी, राप्रपाका रणबहादुर सिंह, एमालेका प्रेमबहादुर थापा र स्वतन्त्र उम्मेदवार टेकबहादुर खाणले उम्मेदवारी दर्ता गराएका छन् । त्यसैगरी निर्वाचन क्षेत्र नं २ को प्रदेश 'क' मा कांग्रेसका घनश्याम भण्डारी, एमालेबाट तिलकप्रसाद रिजाल, नेपाल मजदुर किसान पार्टीबाट मदनकुमार भण्डारी, राप्रपाका यज्ञबहादुर थापा, हाम्रो नेपाली पार्टीबाट प्रेमबहादुर भण्डारी, स्वतन्त्र दुई जना उम्मेदवार चक्रलाल सुनार र पुरुषोत्तम रिजालले उम्मेदवारी दिएका छन् ।

निर्वाचन क्षेत्र नं २ को प्रदेश 'ख'मा एमालेबाट विनोदकुमार शाह, नेपाल मजदूर किसान पार्टीबाट जयबहादुर थापा, नेकपा (माओवादी)बाट योगेन्द्रबहादुर शाही, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ज्ञानेन्द्रबहादुर शाही, स्वतन्त्र उम्मेदवार राजेशकुमार शाहीको मनोनयन दर्ता भएको छ ।

**बागी र दल फेरबदल**

एमाले नेता गोपाल नेपालीले दैलेख-१ मा प्रतिनिधिसभा र एकीकृत समाजवादीका नेता टेकबहादुर खाणले दैलेख-१ को प्रदेशसभा 'ख'मा आफ्नै दलसँगको असन्तुष्टी प्रतिशोधका लागि उम्मेदवारी दिएका छन् ।

उता एमालेले आफूलाई टिकट नदिएपछि योगेन्द्र शाहीले दैलेख क्षेत्र नं २ को प्रदेशसभा 'ख'मा माओवादी केन्द्रबाट उम्मेदवार दर्ता गराएका छन् । माओवादी केन्द्रका कार्यकर्ताले आगन्तुकलाई यति ठूलो अवसर दिएको भन्दै सामाजिक सञ्जालमा पार्टी नेतृत्वको आलोचना गरेका छन् ।

## दलहरुलाई ...

पुष्पकमल दाहालकै विरुद्ध कांग्रेसकी माधवी भट्टले स्वतन्त्र उम्मेदवारी दिएकी छन् । चितवन-३ मा पनि माओवादी उम्मेदवार भोजराज अधिकारी विश्रुद्ध कांग्रेस केन्द्रीय सदस्य दिनेश कोइरालाले उम्मेदवारी दिएका छन् । काठमाडौं १० मा सत्तागठबन्धनको तर्फबाट कांग्रेस उम्मेदवार राजन केसीविरुद्ध माओवादी नेता अञ्जना विशंखेले उम्मेदवारी दिएकी छन् ।

कपिलवस्तु १ मा माओवादी कांग्रेसका साझा उम्मेदवार चन्द्रप्रसाद खनाल (वलदेभ) विरुद्ध कांग्रेसका ललित गुरुङले उम्मेदवारी दिए । गठबन्धनका तर्फबाट कास्की ३ का माओवादी उम्मेदवार रामजी बरालविरुद्ध अनिता भुर्तेलले उम्मेदवारी दिए । गुल्मी २ मा एकीकृत समाजवादीका सचिव रामकुमारी झाँक्रीविरुद्ध कांग्रेसका दामोदर भुसालले उम्मेदवारी दिएका छन् ।

नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलविरुद्ध तनहुँ-१ मा गोविन्दराज जोशीको स्वतन्त्र उम्मेदवारी परेको छ । निवर्तमान सांसद अमरेशकुमार सिंहले सर्लाही-४ बाट कांग्रेसका उम्मेदवार नागेन्द्रकुमार रायविरुद्ध बागी उम्मेदवारी दिएका छन् । सिन्धुपाल्चोक-२ मा कांग्रेस उम्मेदवार मोहन बस्नेतविरुद्ध कांग्रेसकै पूर्वक्षेत्रीय सभापति बद्री चौलागाईंले उम्मेदवारी दिएका छन् ।

टिकट वितरणको असन्तुष्टि बागी उम्मेदवारका रुपमा प्रकट नभएर राजीनामा दिएका उदाहरण पनि छन् । यसको पनि दलहरुले सम्बोधन गर्न सक्नुपर्ने देखिन्छ । एमाले सुदूरपश्चिम प्रदेश कमिटी सदस्य मानबहादुर रावलले पार्टीबाटै राजीनामा दिए ।

यसकारण दलहरुका लागि आगामी चुनावको पहिलो चुनौती भनेकै आन्तरिक असन्तुष्टि व्यवस्थापन गर्नु रहेको देखिन्छ । किनभने, प्रत्येक जसो दलभित्रबाट बागी उम्मेदवारी परेको छ । बागी उम्मेदवारी फिर्ता गर्न सक्नु र नसक्नुले पनि चुनावी परिणामलाई तालमाथि पार्नेछ । यो विषयलाई दलहरुले ख्याल गरेको पनि देखिन्छ। पार्टीका बिभिन्न कमिटीहरुले गाबी उम्मेदवारी फिर्ताका लागि आग्रह, अनुरोध र निर्देशन औपचारिक र अनौपचारिक रुपमा दवाब दिइरहेका छन् ।

सत्तागठबन्धन मोरङको सोमबार बसेको बैठकले आधिकारिक उम्मेदवार विरुद्धबागी उम्मेदवारी दिनेहरूलाई उम्मेदवारी फिर्ता लिन आग्रह नै गरेको छ । यदि स्वतन्त्र उमेदवारहरूले नामावली फिर्ता गर्न नमाने पार्टीको साधारण सदस्यबाट निलम्बन गरी सम्बधित पार्टिको केन्द्रिय समितिमा सिफारिस गर्ने चेतावनी दिइएको छ ।

## कालिकोटमा...

शाही, २८ वर्षीय खगेन्द्र शाही, २३ वर्षीय भेषबहादुर शाही, ५५ वर्षीय धन शाही, ७६ वर्षीय अलि शाही, २३ वर्षीय खेमराज शाही, ५७ वर्षीय भक्तबहादुर शाही, ४१ वर्षीय मोतिलाल शाही, २४ वर्षीय नरेश शाही, २३ वर्षीय प्रशान्त शाही छन् ।

केहीको शव फेला परे पनि बाँकी बेपत्ताको खोजीका लागि जुम्लाबाट प्रहरी खटिएको छ । कालिकोटका प्रहरीका अनुसार विपद् व्यवस्थापन गण जुम्लाबाट प्रहरी जनशक्ति घटनास्थलमा खटिएका छन् । तर, भौगोलिक कठिनाइ र निरन्तर वर्षाका कारण खोजी कार्यमा कठिनाई भएको छ । तथापि, प्रहरी र स्थानीयले खोजी कार्य जारी राखेका छन् ।

कालिकोटको कालिकोटको तिलागुफा नगरपालिका-४ राँचुली गाउँमा कर्णाली नदी र कुकुर खोलाको भाडीखोला घाटमा लास दाहसंस्कार गर्दैगर्दा ठूलो पहिरो आएपछि वेपत्ता भएका मलामी मध्ये केहीको शव फेला परेको छ भने केहीको शव फेला पर्न बाँकी छ। गत शनिबार मृतक स्थानीय युवक हेमराज शाहीको मलामी गएका राँचुली वडा नं. ४ का वडा अध्यक्ष परबहादुर शाहीसहित १५ जना बेपत्ता भएका थिए ।

## आफैले...

लागि २८४५ जनाको उम्मेद्वारी परेकोमा महिला उम्मेद्वार संख्या २४४ मात्रै छ । जबकी संविधानले नै ३३ प्रतिशत महिला सहभागितालाई अनिवार्य गरेको छ । तर समानुपातिक तर्फबाट समेट्ने भन्दै दलहरुले प्रत्यक्षतर्फ महिला उम्मेद्वार संख्या नै थोरै उठाएको छ । यसले नेताहरु आफैले लेखेको संविधानप्रति जवाफदेही नरहेकै पुष्टि हुन्छ ।

## मलेसियामा...

मलेसियाको संसदमा विदेशी कामदारको आपूर्तिमा सही तरिकाले काम गर्न नसकेको भन्दै केही सांसदहरूले वर्तमान मन्त्री साराभाननको राजीनामासमेत मागेका छन् ।

तर मन्त्री साराभाननले माग अनुसार विदेशी कामदारको कमी हुन नदिने भन्दै श्रोत मुलुकबाट मलेसिया आउन ६ लाख ४४ हजार ३ सय ७९ कामदारको बायोमेट्रिक र स्वास्थ्य परीक्षण सकिएको र उनीहरू आएपछि कामदार अभावबाट सिर्जित समस्याको समाधान हुने बताएका छन् । मानव संशाधन मन्त्रालयले विभिन्न सेक्टरमा १२ लाख ४४ हजार ४ सय कामदारको एप्रुभल दिएको र गृहमन्त्रालयले २ लाख ३८ हजार ९ सय ४३ जनाको भिसा जारी गरेकोले उनीहरू छिटोभन्दा छिटो मलेसिया आउनेसमेत उनले बताए ।

## चुनावले...

बढ्ने, चुनावी खर्चका लागि अनुचित सिण्डिकेटहरू खडा हुने खतरा रहेको बताउने गरेका छन् ।

## स्वतन्त्र....

स्वतन्त्र उम्मेदवारी दिइसकेका छन् । त्यस्तै, धनुषामा ६५, मोरङमा ४६, सिराहामा ४८ र रुपन्देहीमा ५० उम्मेदवार रहेका छन् । 'स्वतन्त्र उम्मेद्वारीको लहर मात्रै हो, चुनाव जित्ने दलकै उम्मेद्वारले हो', नेकपा एमालेका नेता महेश बस्नेतले भने । उनले सबै स्वतन्त्र व्यक्ति बालेन शाह बन्न नसक्ने पनि बताएका छन् । पछिल्लो समय पार्टीभित्र टिकट नपाएका एमालेका नेता घनश्याम भुसाल देखि गंगा चौधरी समेत स्वतन्त्र उम्मेद्वारी दिएर चुनाव लड्न तम्सिएका छन् । तर, स्वतन्त्र उम्मेद्वारले पनि सहजै चुनाव जित्ने अवस्था भने देखिदैंन । यद्यपि, उम्मेद्वारी दिनेको लहड र दलहरुबीचको गठबन्धनले शीर्षस्थ नेतालाई नै चुनाव जित्न मुस्किल पर्ने देखिएको छ ।

## तनहुँका ९९ जनामा डेंगु संक्रमण

तनहुँ/मस- तनहुँमा केही दिनयता ९९ जनामा डेंगु पोजेटिभ देखिएको छ । चार सय चारजनाको स्वास्थ्य परीक्षण गरिएकामा उनीहरूमा पोजेटिभ देखिएको हो । तीन सय पाँचजनामा भने नेगेटिभ देखिएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिए । डेंगु रोगका बिरामीको संख्या बढ्दै गएपछि सचेत बन्नुपर्ने देखिएको छ । अन्य रोगका तुलनामा डेंगुका बिरामी बढ्दै जाँदा अस्पतालमा शय्याको अभाव हुन थालेको छ ।

गत शनिबार मात्रै ११ जनामा डेंगु पोजेटिभ देखिएको दमौली अस्पतालका इमरजेन्सी कक्षका अहेव राजेश क्षेत्रीले जानकारी दिए । अस्पतालमा दैनिक दुई सयको हाराहारीमा स्वास्थ्य परीक्षणका लागि आउने बिरामीमध्ये एक सयदेखि एक सय पचास जनासम्म ज्वरोका हुने गरेका छन् ।

डेंगु हुँदा मानिसमा उच्च ज्वरो आउने, ज्यान दुख्ने र बान्ता गर्ने लगायतका लक्षणहरु देखिन्छ । पन्ध्र शय्या क्षमताको अस्पतालमा ४० शय्यासम्म राखेर सेवा दिँदा पनि शय्या अपुग भएको उनले बताए । डेंगुबाट बच्नका लागि टोलटोलमा गएर अझै मानिसहरुमा सचेतना फैलाउनुपर्ने अवस्था देखिएको अस्पतालले जनाएको छ ।

ज्वरो आएमा पारासिटामोल प्रयोग गर्ने, झोलिलो पदार्थ सेवन गर्ने र प्रशस्त मात्रामा पानी पिउने र आराम गर्न बिरामीलाई सुझाव दिने गरिएको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट अभिनन्दन तिवारीले जानकारी दिए ।

# दशैंमा पर्यटक नहुँदा बेगनासका डुङ्गा व्यवसायी निराश

**ऋषिराम बराल/रासस**
लेखनाथ, २४ असोज ।



डुङ्गा चलाउन शुरु गरेको २० वर्ष पुग्यो । त्यतिबेला डुङ्गा चढ्ने व्यक्तिबाट प्रति घण्टा दुई रुपैयाँ शुल्क लिने गरिन्थ्यो । अहिले त्यो शुल्क वृद्धि भई रु सात सय पुगेको छ । पोखराको लेखनाथस्थित बेगनास तालमा दुईदशकदेखि डुङ्गा चलाउँदै आउनुभएका डुङ्गा व्यवसायी ५५ वर्षीय बाबुराम कोइरालाले भने, 'तीन वर्षयता पर्यटक नहुँदा व्यवसाय सुस्तायो, महँगीले सीमा नाघ्यो, बाच्न पनि कठिन भयो ।' बेगनासतालमा मात्र दुई सय डुङ्गा व्यवसायी आबद्ध छन् ।

तीन वर्ष अघिसम्म डुङ्गा चलाएर मासिक रु २०/२५ हजार आम्दानी गर्दै आएका डुङ्गा व्यवसायीको अहिले मासिक आम्दानी मुस्किलले रु तीन हजार मात्र हुने गर्छ । 'त्यसले एक व्यक्तिलाई पनि खान पुग्दैन परिवार कसरी पाल्ने, देशमा यो अवस्था कहिलेसम्म हो', कोइरालाले भने, 'कोरोना सङ्क्रमण हटेसँगै यस वर्षको दशैंमा पर्यटक आउने आशा गरेका थियौं लगातारको वर्षाले रोकिदियो ।'

दशैंमा पर्यटक आउछन् र दशैं खर्च निकालौंला भनी आशा गरेका डुङ्गा व्यवसायी यसपटक निराश बने । 'ऋण काढेर दशैं मनायौं कोइरालाले', भने, अधिकांश डुङ्गा व्यवसायीको अवस्था दयनीय नै रहेको बेगनास ताल डुङ्गा व्यवसायी समितिका कार्यवाहक अध्यक्ष रविराज कँडेल बताए । उनका अनुसार तीन वर्षअघिको तुलनामा अहिले पाँच प्रतिशत मात्र पर्यटक छन् । तालमा आवद्ध व्यवसायीले तालमा डुङ्गा चलाउन पालो कुर्नुपर्ने उनले बताए । 'महिनाको दुई दिन मात्र पालो आउछ यस्तो अवस्थामा व्यवसायी धानिने अवस्था रहँदैन केही डुङ्गा व्यवसायी पेशा नै छाडेर विदेश गएका छन् भने केहीले व्यवसाय नै परिवर्तन गरे', कार्यवाहक अध्यक्ष कँडेलले भने ।

फेवाताल आउने सबै पर्यटक बेगनास तालमा आउने भए पनि केही मात्रामा राहात हुन्थ्यो । पोखरा आएका पर्यटकमध्ये ३० प्रतिशत मात्र बेगनास ताल पुग्ने गर्छन् । 'बेगनास पुग्ने अधिकांश पर्यटक स्वदेशी नै हुने गर्छन्, केही मात्रामा विदेशी पुगे पनि उनीहरु रात बिताउनका लागि पोखरा नै फर्कने गर्छन', कार्यवाहक अध्यक्ष कँडेलले भने, 'स्वदेशी तथा विदेशी पर्यटकलाई एक रात बेगनासमा नै बस्ने वातानवरण बनायौं भने पर्यटन मात्र हैन यहाँको डुङ्गा व्यवसाय फस्टाउने थियो ।'

अब पर्यटक आउछन् कि भन्ने आशा रहेको अर्का डुङ्गा व्यवसायी विश्वनाथ कँडेलले बताए । तालपारीका गाउँ बेगनास, माझठाना, सैमराङ, भाचोक, मिजुरेडाँडा र लमजुङको पसगाउँका मानिस ढुङ्गाबाट पोखरा बजार आवतजावत गर्ने गरेको जानकारी कँडेलले दिए ।

तीन सय ७३ हेक्टर क्षेत्रफलमा फैलिएको बेगनास तालमा नौका विहार गर्ने पर्यटकले अन्नपूर्ण हिमश्रृंखला, बेगनासको गाउँ, तालको छेउमा रहेको वराह थान, सुन्दरी डाँडा, माझठाना, कालिका, माझी कुना, तालका बाँध र ताल वरपरको जंगलको दृश्यावलोकन गर्न सक्छन् । बेगनास ताल ढुङ्गा व्यवसायी समितिले आफ्नो खर्च चलाउन दुई मोटर र चार वटा प्याडलबोट सञ्चालनमा ल्याएको छ । मोटर बोटमा नौका विहार गरेवापत पर्यटककले प्रतिघण्टा चार सय रुपैयाँ तिर्नुपर्छ ।

# घर र भवनको नक्सा पास गर्न सय दिन समय

**विराटनगर/मस–** विराटनगर महानगरपालिकाले निर्माण भएका निजी तथा सरकारी भवनको नक्सा पास गर्न सूचना जारी गरेको छ । महानगर क्षेत्रभित्र निर्माण भएका सरकारी, संस्थागत, निजी वा जुनसुकै प्रकृतिको भवनको नक्सा पास नगरी बनाइएका वा तल्ला थपको नक्सा पास नगरेको र मापदण्ड अनुकूल रहेको भएमा त्यस्ता भवनको सय दिनभित्र नक्सा पेश गरी स्वीकृत गर्न महानगरवासीलाई आग्रह गरेको छ ।




'विराटनगर महानगरपालिका क्षेत्रभित्र निर्माण भएका सरकारी, संस्थागत, निजी वा जुनसुकै प्रकृतिको भवनको नक्सा पास नगरी बनाइएको (तल्ला थपको नक्सा पास नगरेको समेत) र मापदण्ड अनुकूल रहेको भएमा त्यस्ता भवनको सूचना प्रकाशित भएको मितिले सय दिनभित्रमा नक्सा पेस गरी नक्सा स्वीकृत/नियमित गर्न सम्बद्ध सबै व्यक्ति, सङ्घसंस्था, संस्थान तथा सरकारी निकायलाई अनुरोध छ', महानगरको सूचनामा भनिएको छ, 'तोकिएको समयभित्र नक्सा पेस नगरेमा त्यस्ता भवनको विवरण सङ्कलन गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित भवन निर्माणसम्बन्धी मापदण्ड, संहिता, कार्यविधि र यस कार्यालयको निर्णय बमोजिम कारबाही भई जाने ब्यहोरा सूचित गरिन्छ ।'

महानगर प्रमुख नागेश कोइरालाको नेतृत्वमा नयाँ जनप्रतिनिधि आएसँगै सुशासन, महानगर सरसफाइ, फुटपाथ खाली, नाला सफाइ, डुबान समस्या समाधानलगायतलाई प्राथमिकतामा राखेर काम गरिरहेको जनाइएको छ । महानगरभित्र धेरैले नक्सा पास नगरी घर र भवन बनाएको पाइएको मेयर कोइरालाले बताए । उनले राज्यले तोकेको कानुनको परिधिभित्र सबै आउनुपर्नेमा जोड दिए । 'हामीले सय दिने सूचना जारी गरेका छौं', प्रमुख कोइरालाले भने, 'सूचनाअनुसार सबै नक्सा पास नगरेका घर र भवनको नक्सा पास गर्नुहुनेछ ।' महानगरका प्रमुख कार्यकारी अधिकृत विष्णुप्रसाद कोइरालाले एक तले घर र भवनको नक्सा पास गरेर तीन/चार तलेसम्म बनाएको पाइएको बताए । उनका अनुसार त्यस्ता घरधनीका लागि पनि यो सूचना हो । यसअघि असोज १४ गते महानगरले सीमा पर्खाल नियमित गर्न र अनधिकृत सीमा पर्खाल हटाउन ३५ दिने सूचना प्रकाशित गरिसकेको छ ।

# कास्कीमा कांग्रेसको सम्पूर्ण क्रियाशिल सदस्य रहेको प्रचारप्रसार समिति गठन

**कास्की/मस–**नेपाली कांग्रेस कास्कीले आगामी मङ्सिर ४ गते हुने निर्वाचनलाई लक्षित गरी पार्टीका तर्फबाट २२ हजार एक सदस्यीय मूल प्रचारप्रसार समिति गठन गरेको छ ।

कास्की कांग्रेसका सभापति किशोरदत्त बरालको सभापतित्वमा आज बसेको बैठकले पार्टीको तर्फबाट क्षेत्रीय सभापतिहरू र पोखरा महानगर सभापति सहसंयोजक रहनेगरी पार्टीका सम्पूर्ण क्रियाशिल सदस्यहरू रहेको प्रचारप्रसार समिति गठन गरिएको कास्की कांग्रेसका प्रवक्ता विश्वशङ्कर पालिखेले जानकारी दिए ।

निर्वाचनकै सम्बन्धमा सचिव भानुभक्त ढकालको संयोजकत्वमा रामजी कोइराला, मनबहादुर लाम्गादे, निर्मला कार्की भण्डारी सदस्य रहेको सचिवालय समिति गठन गरिएको छ । जिल्ला कोषाध्यक्ष माइकल कर्माचार्यको संयोजकत्वमा अर्थ उपसमिति गठन गरिएको छ । बैठकले घोषणापत्र तयारीका लागि प्राध्यापक पद्मशरण रेग्मी, कपिलमणि दाहाल र दिपेन्द्र ढकाललाई जिम्मेवारी दिएको छ । कानुनी पराशर्मका लागि निवर्तमान जिल्ला सदस्य कृष्ण तिमिल्सिना संयोजकको समितिलाई जिम्मेवारी दिइएको छ ।

बैठकले निर्वाचनका सन्दर्भमा सामाजिक सञ्जाल र सञ्चारमाध्यममा अनावश्यक भ्रम छर्ने गतिविधिमा संलग्न नहुन पार्टीका सबै क्रियाशिल सदस्य एवम् शुभेच्छुकहरूलाई अनुरोध गर्दै पार्टी निर्णय विपरीत उम्मेदवारी दर्ता गरेको पार्टीका जिम्मेवार नेता कार्यकर्तालाई तत्काल उम्मेदवारी फिर्ता लिन अपिल गरेको छ ।

बैठकले कांग्रेस कास्कीका जिल्ला सदस्य सुदीप गौतमको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ । यसैबीच कास्कीमा क्रियाशिल पाँच दलीय गठबन्धनको बैठक नेपाली कांग्रेस कास्कीको पार्टी कार्यलयमा सम्पन्न भएको छ । बैठकले कास्कीका तीन वटै निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसको संयोजकत्वमा र गठबन्धनका दलको सहसंयोजकत्वमा क्षेत्रीय निर्वाचन परिचालन समिति गठन गर्ने निर्णय गरेको कास्की कांग्रेसका सहसचिव नविन सिग्देलले जानकारी दिए । बैठकले कास्कीका सबै वडामा संयुक्त निर्वाचन प्रचारप्रसार समिति गठन गर्ने निर्णय गरेको र कांग्रेसको पार्टी कार्यालयलाई गठबन्धन दलको मुख्य निर्वाचन परिचालन सचिवालय बनाउने निर्णय गरेको छ ।

# सामाजिक सञ्जालबाट गरिएको विज्ञापन खर्च पनि बुझाउनुपर्ने




**काठमाडौं/मस–** निर्वाचन आयोगले चुनावका क्रममा सामाजिक सञ्जालबाट गरिने विज्ञापनको खर्चबारे उम्मेदवारले निर्वाचन सम्पन्न भएपछि कानूनबमोजिम पेस गर्ने निर्वाचन खर्च विवरणमा समावेश गर्न राजनीतिक दल र उम्मेदवारलाई आग्रह गरेको छ ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवार हरूको मनोनयनपत्र दर्ता कार्यक्रम सम्पन्न भएसँगै विभिन्न राजनीतिक दल र उम्मेदवारहरूबाट सामाजिक सञ्जालको समेत प्रयोग गरी प्रचारप्रसार र विज्ञापन हुन थालेको छ ।

आयोगले जारी गरेको 'निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७' बमोजिम निर्वाचनका सबै चरण र प्रक्रियामा सामाजिक सञ्जालको समुचित उपयोग गरिने जनाइएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्माका अनुसार सामाजिक सञ्जालमा सम्प्रेषित सूचना सामग्रीको प्रभावकारी नियमन, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी आयोगको सचिवालय र अन्तर्गतका कार्यालयसमेतको संयन्त्र बनाई नीतिको कार्ययोजनाबमोजिमभएगरेकाकामकारबाहीको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने कार्य भइरहेको छ ।

आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि आयोगले राजनीतिक दल र उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको हद निर्धारण गरिसकेको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा १६ मा राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन खर्चसम्बन्धी पालना गर्नुपर्ने आचरणहरूको व्यवस्था गरिएको छ । सामाजिक सञ्जालबाट गरिने विज्ञापनको खर्चबारे उम्मेदवारले निर्वाचन सम्पन्न भएपछि कानूनबमोजिम पेस गर्ने निर्वाचन खर्च विवरणमा समावेश गरे नगरेको बारे आयोगको अनुगमन संयन्त्रमा रहेको अभिलेखसँग भिडाई परीक्षण गरिने भएकाले सामाजिक सञ्जालमार्फत हुने विज्ञापनका सबै खर्च विवरणसमेत चुस्तदुरुस्त राख्न सम्बन्धित सबै राजनीतिक दल र उम्मेदवारलाई आयोगले आग्रह गरेको हो ।

समानुपातिकको बन्दसूचीमा २९ गतेसम्म दाबी विरोध गर्न सकिने

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रकाशित बन्दसूचीमा समावेश उम्मेदवारका बारेमा यही असोज २९ गतेसम्म दाबी विरोधका लागि समय दिइएको छ ।

विभिन्न राजनीतिक दलले संशोधन गरी पेस गरेको सूचीमा समावेश उम्मेदवारको योग्यता र अयोग्यताका सम्बन्धमा दाबी विरोधको निवेदन दिन आइतबारदेखि समय दिइएको हो । उम्मेदवारबारे प्राप्त दाबी विरोधको छानबिन गरी निर्वाचन आयोगले कात्तिक ९ गते अन्तिम नामावली सार्वजनिक गर्ने आयोगका सचिव एवं समानुपातिकतर्फका मुख्य निर्वाचन अधिकृत गोकर्णमणि दुवाडीले जानकारी दिए । समानुपातिकतर्फ सिट प्राप्त गर्न कुनै पनि दलले प्रतिनिधिसभामा कूल सदर मतको तीन प्रतिशत र प्रदेशसभामा एक दशमलव पाँच प्रतिशत मत अनिवार्य ल्याउनुपर्ने छ । उल्लिखित मत नल्याएमा उक्त दलले समानुपातिकतर्फको सिट प्राप्त गर्न सक्दैन । 'संसद्मा प्रतिनिधित्व गर्ने महिला जनप्रतिनिधिको सङ्ख्या ३३ प्रतिशत अनिवार्य पुऱ्याउनै पर्ने संवैधानिक व्यवस्था छ', मुख्य निर्वाचन अधिकृत दुवाडीले भने, 'तसर्थ पहिलो हुने निर्वाचित हुने प्रणालीबाट दलहरूको ३३ प्रतिशत महिला विजयी हुनुभएको छैन भने त्योसमेत समानुपातिक प्रणालीतर्फबाट पूर्ति गर्नुपर्ने हुन्छ ।'

उनका अनुसार दलहरूले प्राप्त गर्ने मतको आधारमा समानुपातिकतर्फका उम्मेदवारहरूको समूहअनुसार सबैभन्दा अघिल्लो पङ्क्तिमा रहनुभएको उम्मेदवार क्रमशः निर्वाचित भएको मानिने छ । उदाहरणार्थ खस आर्य समूहबाट एक जना मात्र निर्वाचित हुने अवस्था आएमा पहिलो बन्दसूचीको पहिलो नम्बरमा रहेका उम्मेदवार स्वतः निर्वाचित मानिने छ । त्यसपछि आदिवासी जनजातिको सूचीमा प्रवेश हुनेछ । त्यसमा पनि पहिलो नम्बरमा रहेका उम्मेदवार निर्वाचित भएको मानिने छ ।

आयोगमा समानुपातिक प्रणालीतर्फका प्रवक्ता गुरुप्रसाद वाग्लेका अनुसार प्रदेशसभामा भने सम्बन्धित प्रदेशमा प्रत्यक्षतर्फ निर्वाचित हुने प्रदेशसभा सदस्यलाई ६० प्रतिशत मानेर ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट पूर्ति गर्ने संवैधानिक व्यवस्था छ । जसअन्तर्गत प्रदेश नं १ मा ३७ जना, मधेस प्रदेशमा ४३, बागमती प्रदेशमा ४४, गण्डकी प्रदेशमा २४, लुम्बिनी प्रदेशमा ३५, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिम प्रदेशमा २१ प्रदेशसभा सदस्य समानुपातिक प्रणालीबाट निर्वाचित हुनेछन् ।

# सत्यमोहन जोशीको स्वास्थ्य अवस्था चिन्ताजनक



**काठमाडौं/मस–** वाङ्मय शताब्दी पुरूष सत्यमोहन जोशीको स्वास्थ्य अवस्था चिन्ताजनक रहेको अस्पतालले जनाएको छ ।

किष्ट अस्पतालमा १८ दिनदेखि उपचाररत् १०३ वर्षीय जोशीको स्वास्थ्य अवस्था चिन्ताजनक भएको निर्देशक प्रा.डा. सुरज बज्राचार्यले बताए ।

सोमबार जारी विज्ञप्तिमा भनिएको छ, 'जोशीज्यूको समग्र स्वास्थ्यमा उल्लेखनीय सुधार नभएको र अवस्था चिन्ताजनक नै रहेको छ ।'

गत आइतबार उनको छातीमा निमोनिया संक्रमण देखिएपछि एन्टिबायोटिक सुरू गरिएको छ र मुटुको चालसम्बन्धी समस्या देखा परेकाले उनलाई आइसियूमा सारेर उपचार सुरू गरेको अस्पातलले जनाएको छ।

उनलाई असोज ७ गते किष्ट अस्पतालमा भर्ना गरिएको थियो। स्वास्थ्यमा देखिएको कमजोरीका कारण उनलाई इमर्जेन्सीमा लगी उपचार गरिएको थियो। उनमा डेंगीको संक्रमण देखिएको थियो ।

# पर्यटनमन्त्री श्रेष्ठसँग इटालीका राजदूतको भेट



**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठसँग नेपालका लागि इटालीका राजदूत भिन्सेन्जो डे लुकाले शिष्टाचार भेट गरेका छन् ।

मन्त्रालयमा सोमबार भएको भेटमा उनीहरूबीच द्विपक्षीय सम्बन्ध, आपसी हित र सहयोगका विविध विषयमा छलफल भएको थियो । इटालियन सरकारले नेपालको विकासमा गर्दै आएको प्रत्यक्ष तथा परोक्ष सहयोगको स्मरण गर्दै मन्त्री श्रेष्ठले आगामी दिनमा पनि सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे । २०७२ सालमा गएको भूकम्पबाट क्षति भएका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू पुनर्निर्माणमा इटालियन सरकारबाट महत्वपूर्ण सहयोग प्राप्त भएको मन्त्री श्रेष्ठले बताए ।

राजदूत लुकाले विश्वकै निधिका रूपमा रहेका नेपालका सम्पदाहरुको संरक्षण, पुनर्निर्माण तथा जीर्णोद्धारमा इटालियन सरकार सहयोग गर्न इच्छुक रहेको बताए ।

युरोपेली संस्कृति तथा सम्पदाको केन्द्रका रूपमा रहेको इटालीबाट नेपालले पुरातात्विक सम्पदाको व्यवस्थापन तथा संरक्षणबारे शिक्षा लिन चाहेको मन्त्री श्रेष्ठले बताए ।

मन्त्री श्रेष्ठले विश्वसम्पदा सूचीमा सूचीकृत दुई सम्पदा जोड्ने गरी हनुमानढोका-स्वयम्भू सम्पदामार्ग निर्माण सुरु गरिएको जानकारी दिँदै सम्पदामार्ग विश्व पर्यटनकै दुर्लभ संयोग रहने र पर्यटन आकर्षणका लागि समेत महत्वपूर्ण रहने बताए । राजदूत लुकाले इटालीले नेपालको पर्यटन विकासमा सहयोग गर्ने बताए ।

साथै उनले इटालीयन सरकारले आयोजना गर्ने रोम एक्स्पो २०३० परियोजनाको तयारीबारे पनि मन्त्री श्रेष्ठलाई जानकारी गराएका थिए ।

उनले २०७८ कात्तिकमा गैरआवासीय राजदूतको रुपमा राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष ओहदाको प्रमाणपत्र पेश गरेका थिए। भारतका लागि आवाशिय राजदूत रहेका लुका नेपालको गैरआवासीय राजदूत हुन् । नेपाल र इटालीबीच सन् १९५९ मा कुटनीतिक सम्बन्ध स्थापित भएको थियो ।

# ९ लाख नक्कली नोटसहित ३ जना पक्राउ

**काठमाडौं/मस-**नक्कली नेपालीसहित बाराबाट तीन जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी टोलिले उनीहरुलाई ९ लाख बराबरको नोटसहित पक्राउ गरेको हो । सुरुमा भारतीय नागरिकलाई नक्कली नोटसहित प्रहरीले पक्राउ गरेको थियो ।

उनले उक्त नक्कली नोट अन्य दुई जनाले मगाएको बताएपछि प्रहरीले उनीहरुलाई पनि पक्राउ गरेको छ ।

२१ गते बारा सिम्रौनगढ नगरपालिका ५ कनकपुरस्थित सडकमा भारतिय प्रस्ट नम्बर नबुझिने मोटरसाइकलमा आएका भारत बिहार राज्य मोतिहारी पूर्वी चम्पारण ग्राम पोष्ट पिप्राकोठ्ठीका २५ वर्षीय रञ्जित कुमार मुखियालाई पक्राउ गरेको थियो । उनले कम्मरमा नक्कली नोट जस्तो देखिने नेपाली एक हजार दरका नोट १ ठेली मोटरसाइकलको सिट मुनी लुकाएको नक्कली नोट १ हजार दरका ८ ठेली गरी ९ लाख नक्कली नोट प्रहरीले फेला पारेको थियो ।




सोधपुछ गर्दा उक्त नोट सैनुल्लाह अंसारी र बिनाका मुखिया बिनले मगाएको बताएका थिए । खोजतलासको क्रममा आइतबार सैनुल्लाह अंसारी र बिनाका मुखिया बिनलाई पनि प्रहरीले पक्राउ गरेको हो ।

बारा कलैया उपमहानगरपालिका १५ बका ३४ वर्षीय सैनुल्लाह अन्सारी र बारा सिम्रौनगढ नगरपालिका २ का ३६ वर्षीय बिनाका मुखिया बिन पनि पक्राउ परेका हुन् ।

**२८ लाख भारुसहित तीन महिला पक्राउ**

कूल २८ लाख ५६ हजार भारतीय नोटसहित तीन महिलालाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय बिर्ता तथा प्रहरी चौकी इनर्वा नाकाको प्रहरी टोलीले वीरगञ्जको रजतजयन्ती चोकबाट सो रकमसहित ती महिलालाई पक्राउ गरेको जनाइएको छ ।

पक्राउ पर्नेमा नुवाकोट शिखर वेसी-७ बस्ने ४५ वर्षीया अनिता तामाङ, धादिङकी ३० वर्षीया मञ्जु तामाङ र नुवाकोट शिखावेसी-७ बस्ने ४४ वर्षीया सरिता अग्रवाल रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए । पक्राउ परेका तीनै जनालाई आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको प्रहरी नायब उपरीक्षक गिरीले बताए ।

# लमजुङमा २६ जनाको उम्मेदवारी

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, २४ असोज

आगामी मङ्सिर ४ गते हुन लागेको प्रतिनिधसभा र प्रदेशसभा सदस्यका लागि लमजुङमा तीन पदका लागि २६ जनाको उम्मेदवारी परेको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय अनुसार एकमात्र प्रतिनिधिसभा र दुई प्रदेश क्षेत्र रहेको यस जिल्लामा प्रतिनिधिसभाका लागि १३ र प्रदेश क्षेत्रका लागि १३ जनाले उम्मेदवारी दिएका हुन् ।

मुख्य निर्वाचन अधिकृत शिवप्रसाद खनालका अनुसार प्रतिनिधिसभाका लागि दुईजना स्वतन्त्रसहित ११ वटा पार्टीका उम्मेदवार रहेका छन् । त्यस्तै, प्रदेश (क) मा छ वटा पार्टीका उम्मेदवार र प्रदेश (ख) मा सातवटा पार्टीका उम्मेदवारले मनोनयन दर्ता गराएका छन् ।

प्रतिनिधिसभाका लागि गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङ र नेकपा (एमाले) का उपमहासचिव एवं गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलगायत उम्मेदवार बनेका छन् । त्यस्तै, प्रदेश (क) मा गठबन्धनका तर्फबाट नेपाली कांग्रेस जिल्ला सभापति डा टकराज गुरुङ र एमालेका केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य जमिन्द्रमान घलेलगायतको उम्मेदवारी परेको निर्वाचन कार्यालयले जनाएको छ । प्रदेश (ख) मा गठबन्धनबाट कांग्रेसकै पूर्वजिल्ला सभापति भेषबहादुर पौडेल र एमालेका जिल्ला अध्यक्ष कृष्णप्रसाद अधिकारी लगायतले उम्मेदवारी दिएका छन्। आइतबार उम्मेदवारी दिएका उम्मेदवारहरू कसैको पनि दाबी विरोध नपरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

# भारतीय नागरिकको हत्या



**काठमाडौं/मस–** काठमाडौंमा भारतीय नागरिकको हत्या भएको खुलेको छ ।

काठमाडौं महानगरपालिका-१९ रामघाट डेरा गरी बस्ने भारत कलकत्ता मेहेन्दीपुर पश्चिम बंगाल घर भएका ४७ वर्षीय दिलिप आदकको असोज १९ गते हत्या भएको थियो । उनको हत्या गरेको अभियोगमा पर्सा बहुदरमाई नगरपालिका २ हांसवा घर भएका २५ वर्षीय राजाबाबु भन्ने श्रीलाल ठाकुरलाई प्रहरीले पक्राउ गरेको छ । आदकको उनकै कोठामा असोज १९ गते बिहान शव फेला परेको थियो। अनुसन्धानको क्रममा आदकसँगै बस्दै आएका श्रीलालले हत्या गरेको खुलेको काठमाडौं प्रहरी परिसरले जनाएको छ । आदकलाई प्रहरीले काठमाडौं महानगरपालिका १५ स्वयम्भूबाट पक्राउ गरेको हो ।

श्रीलालले काठ च्याप्न प्रयोग हुने सकिन्जाले सुतिरहेको अवस्थामा टाउकोमा प्रहार गरी हत्या गरेको खुलेको छ । हत्यापछि शव कपडाले छोपी बाहिरबाट ताल्चा लगाएर श्रीलाल फरार भएका थिए ।

**MALAYSIA मा रोजगार | १. कम्पनी : TGL PACKAGING SDN BHD**

पूर्व स्वीकृत मिति:२०७९/०६/२४ चलानी नं.: ६०१८८८३५ LT. No.: 272839

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 14 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक १ गते (18 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्याहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

लिभरपुल एच. आर. शोलुशन प्रा. लि.
Liverpool H.R. Solution Pvt. Ltd.
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851013724, 9851149144
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५

**साउदीमा रोजगारको अवसर | १. कम्पनी : FARZL INDUSTRIAL COMPANY शहर: RIYADH**

पूर्व स्वीकृत मिति: २०७९/०६/२४ चलानी नं.: ६०१८८८३६ L.T. No.: 273099

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Package & Wrapping Workers | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कमपनी : FALAH ABDULLAH AL-MUTAIRI & PARTNER CO. FOR PRODUCTION OF GLASS &SUGAR शहर: Saudi

पूर्व स्वीकृत मिति: २०७९/०६/२४ चलानी नं.: ६०१८८८३७ L.T. No.: 273100

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GLASS WORKER | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: SHAMS AL KHALEEJ BAKERY FOR BREAD शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७९/०६/२४ चलानी नं.: ६०१८८८३८ L.T. No.: 273101

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Baker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४८,९५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Labour | 2 | 0 | | 1000 | ३४,९७० | | | | | | | |
| 3. | packaging and wrapping labor | 1 | 0 | | 1000 | ३४,९७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ कार्तिक १ गते (18 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्याहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००।– |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Fast Employment Service (P.) Ltd.
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com
Gov. Lic No. 1399/074/075

**साउदीमा रोजगार | कम्पनी: TEA SUMMIT TO SERVE DRINKS COMPANY शहर: RIYADH**

पुर्व स्वीकृत मिति: २०७९/०६/१२ चलानी नं.: ६०१८८४७६ LT. No.: 272800 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कात्तिक १ गते (18 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ईमास्को नेपाल प्रा. लि.
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५७७०८
फ्याक्स नं.: ४३५७७०८, Mob.: 984319890, 9803140917
श्रम ईजाजत नं. ११७/०५५/०५६

मध्यान्ह
www.madhyanhadaily.com
२५ असोज २०७९, मंगलबार
11 October 2022, Tuesday

## सम्पादकीय

### राजनैतिक अधिकारको प्रयोग

यसपटकको आम चुनावमा दलीय भन्दा बढी गैरदलीय उम्मेद्वारी परेको छ । निर्वाचन आयोगका अनुसार, १६५ सदस्यीय प्रतिनिधिसभाका लागि १९३७ जनाको उम्मेदवारी परेको छ । त्यस मध्ये राप्रपाले १४१, एमालेले १३९, राष्ट्रिय स्वतन्त्र पार्टीले १३१, कांग्रेसले ९१, माओवादी केन्द्रले ४५, एकीकृत समाजवादीले २४, लोकतान्त्रिक समाजवादी पार्टीले ५२, जनता समाजवादी पार्टीले ८० जनाको उम्मेदवारी दिएका छन् । बाँकी मध्ये साना दल र गैरदलीय उम्मेद्वारी दिइएको छ । प्रदेशसभा तर्फ पनि गैरदलीय उम्मेद्वारी दिने संख्या धेरै छ । ३३० सदस्यीय प्रदेशका लागि २८४५ जनाका लागि उम्मेद्वारी परेकोमा १२५२ जनाले गैरदलीय उम्मेदवारी दिएका हुन् । यसलाई अनेक दृष्टिले अर्थ्याउने काम भइरहेको छ ।

कतिपयले राजनीतिक दलका नेतृत्वले आफू अनुकुल व्यक्तिलाई मात्रै टिकट दिएकाले गैरदलीय उम्मेद्वारी दिएको तर्क गरेका छन् । कतिपयले भने गएको स्थानीय चुनावको प्रभाव भनेका छन् । किनकि गएको स्थानीय चुनावमा काठमाडौं महानगरपालिका, धरान उपमहानगर पालिका, धनगढी उपमहानगरपालिका सहित देशभर १३ स्थानीय तहमा गैरदलीय उम्मेद्वारले जितेका छन् । त्यही नतिजाका कारणले टेलिभिजन प्रस्तोता रवी लामिछाने राष्ट्रिय स्वतन्त्र पार्टी गठन गरे, घण्टी चिन्ह लिएर देशभर उम्मेद्वार उठाउने प्रयास गरेका छन् । दलभित्रै टिकट नपाएकाले पनि स्वतन्त्र उम्मेद्वारी दर्ता गराएका छन् । त्यस्तोमा एमाले नेता घनश्याम भूसालदेखि प्रभु साहसम्म छन् । भूसालले एमाले परित्याग गरी स्वतन्त्र उम्मेद्वारी दर्ता गराएका छन् भने प्रभु साहले समूहगत रूपमै विद्रोह गरी प्रतिनिधिसभा र प्रदेशसभामा गैरदलीय उम्मेद्वारी दिएका छन् ।

यस्तो प्रवृत्तिलाई अर्थपूर्ण रूपमा हेरेको देखिन्छ । किनकि हाम्रो कानूनी व्यवस्थाले नै दलीय व्यवस्थाको कल्पना गरेको छ । जनप्रतिनिधि चयनदेखि सरकार गठनमा समेत दलीय व्यवस्थालाई प्राथमिकता दिएर कानून बनाइएको छ । त्यसैले गैरदलीय उम्मेद्वारीलाई अर्थपूर्ण रूपमा हेरिएको छ । तर यसको अर्को पाटोलाई पनि बिर्सन मिल्दैन । त्यो भनेको संविधानले नेपाली नागरिकतालाई राजनीतिक अधिकारको सुनिश्चितता गरेको छ । यदि उम्मेद्वार बन्नु र नागरिकबाट चुनिने प्रणाली संकुचित गरिन्छ भने त्यो पूर्ण लोकतन्त्र हुन सक्दैन । त्यसैले गैरदलीय उम्मेद्वारी दिनुले लोकतन्त्र नै समृद्ध हुनेछ । तर बिर्सन नहुने तथ्य भने दलहरूप्रतिको विश्वास कमजोर भएकै कारणले गैरदलीय उम्मेद्वारीको आकर्षण बढेको हो । कसलाई आफ्नो प्रतिनिधि चयन गर्ने भन्ने अधिकार त नागरिकमा सुरक्षित छदैछ ।

# पुँजीवादी व्यवस्था र किसान

*ठूला पुँजीपति किसान र ग्रामीण समुदायमा आत्मनिर्भरता बढ्नुको साटो त्यो निरन्तर कम हुँदै जाओस्, किसानको लागत र खर्च कम हुनको साटो सधैं बढी हुँदै जाओस्, फलस्वरूप पुँजीपति वर्गलाई बढी नाफा खान मिलोस् भन्ने चाहन्छन् ।*

अग्रलेख



● लोकनारायण सुबेदी

विश्वमै बढी आवश्यकता महसुस गर्न थालिएको विषय हो कृषि । कृषि नीति प्रष्टरूपमा साना तथा मझौला किसानको हितमा हुनुपर्छ भन्ने आवाज मुखरित हुन थालेको छ । यसको सोझो अर्थ हो किसानको लागत खर्च र कर्जाको बोझ कम हुँदै जानुपर्छ । आधारभूत रूपमा उनीहरूको आजिवीकाको आधार सबल र दिगो बन्न सक्नुपर्छ । त्यत्तिले मात्र पनि पुग्दैन । अब किसानले पनि आफ्नो प्रष्ट दृष्टिकोण र समझदारी बनाउन र राख्न सक्नु, सिक्नुपर्छ । त्यसो गर्न सक्ने शक्ति उनीहरूमा विकसित हुनुपर्छ । जसले गर्दा पूर्णरूपमा इमानदार व्यक्ति उनीहरूको सहायता गर्न आउन्, उनीहरूसँग जोडिउन् र कृषि, किसान, कृषिसँग सम्बन्धित पर्यावरण सबैको रक्षा एकसाथ हुन सकोस् । यसका अतिरिक्त भूमिहीनको सरोकारलाई पनि यसमा जोड्नैपर्छ जसले गर्दा केही भूमि उनीहरूलाई पनि प्राप्त होओस् । अनि यसका साथसाथै वनको रक्षा, वृक्षारोपण, जल तथा माटोको संरक्षणजस्ता कार्यमा उनीहरूलाई निरन्तर रूपमा भन्दा अझ बढी सन्तोषजनक किसिमले रोजगारी प्राप्त होओस् ।

वस्तुतः आज पनि माटो तथा जल संरक्षण सुनिश्चित हुन्छ भने किसानका मित्र सबै जीव, सूक्ष्म जीव, कीटपतङ्गको स्थानीय स्वदेशी नश्लका पशु तथा पराग सेचन गर्नका लागि पन्छी, कीरा, माहुरी तथा परम्परागत बीउ बिजनको रक्षा हुन्छ भने खेतीपाती दिगो भई कम खर्चिलो विकासको बाटो खुल्छ । अनि त्यो मार्ग अझ फराकिलो हुन्छ । अनि यसका साथै 'हरित गृह ग्यास' उत्सर्जन पनि कम भएर जान्छ । यो निश्चित गर्न कठिन छैन कि हामीले कस्तो कृषिको बाटो अवलम्बन गर्ने हो । निश्चित रूपमा यो यस्तो बाटो हुनुपर्छ जसबाट बाहिरी खर्चजस्तो रासायनिक मल, कीटनाशक औषधि आदि न्यूनतम मात्र आयात हुन् या हुँदै नहुन्, स्थानीय स्रोत साधनको अधिकतम उपयोग सर्वोत्तम किसिमले होओस् । जसबाट किसान समुदायमा आत्मनिर्भरता बढोस्, त्यसबाट परम्परागत कृषि ज्ञान र जैविक विविधताको पनि सम्मान हुन थाल्छ । अनि त्यही आफ्नो बलमा नै बाहिरी संकटसँग जुध्ने किसानको क्षमता बढ्न जान्छ । त्यो पर्यावरणको संरक्षण र सम्बर्द्धनमा आधारित पनि होस् जसले माटो, पानी र पर्यावरणको रक्षालाई सन्तुलित तुल्याओस् र अघि बढाओस् ।

यो कुरा वैज्ञानिक रूपमा सिद्ध भई नै सकेको छ कि माटोको अर्गानिक तथा जैविक तत्व स्थानीय स्तरमा पात पतिङ्गर, बोटबिरुवाका अवशेष, गोबर आदि कुहिने सड्ने या गडेउला जस्ता जीवको प्रक्रियाबाट बन्ने गर्छ । अनि त्यसमा कार्बनडाइअक्साइ जस्ता प्रमुख 'हरित गृह ग्यास' सोस्ने गर्दछ । यसरी यसले जलवायु परिवर्तनको संकटलाई कम गर्ने पनि ठूलो क्षमता राख्छ । यसका अतिरिक्त स्थानीय मिश्रित प्रजातिहरूका जति पनि बोट बिरुवा हुर्कने, बच्ने गर्दछन्, चरि चरन जति फैलिन्छन्, धरती जत्तिको हराभरा बनेर 'शस्य श्यामलम्' हुन्छ, जत्तिको वन रक्षा हुन्छ त्यत्ति नै बढी 'हरित गृह ग्यास'बाट हुने नकारात्मक प्रकोप पनि कम भएर जान्छ । अनि माटो तथा जल संरक्षण र जैविक विविधताको संरक्षण पनि बढ्न जान्छ ।



अन्ततः यस्ता नीति जो हरेक दृष्टिले कृषि, पर्यावरण र किसान-मैत्री र लाभदायक छन् भने तिनलाई किन नअपनाउने ? यस प्रश्नको प्रष्ट उत्तर हुन्छ कि जुन ठूला पुँजीपतिले किसानको आत्मनिर्भरता र दिगो विकास चाहँदैनन् तिनले नै यस्ता नीति बन्न नदिने र बने पनि अवलम्बन गरेर कार्यान्वयनमा बाधा पुऱ्याउने या बाधा अड्चन हाल्ने गर्छन् । उनीहरूको मान्यता के हुन्छ भने यदि गाउँका किसान मलमा आत्मनिर्भर बने भने पुँजीपतिको नाफा कम हुन्छ या घट्छ । त्यसैले उनीहरू चाहन्छन् किसान सधैंसधैं परनिर्भर बनिरहुन् । बीउ, रासायनिक मलखाद तथा कीटनाशक, झारपात नाशक आदि औषधि उनीहरूले निरन्तर किनिरहनु परोस् । उनीहरूले धेरै डिजेल किनुन्, मदिरा पिइरहुन्, सधैं गुट्का खाने गरुन् । अनि न पुँजीपतिलाई किसान र ग्रामीणबाट पैसा कमाउने ठाउँ बनिरहन्छ । हुन पनि देश विदेशका ठूला पुँजीपति यही चाहन्छन् कि किसान र ग्रामीण समुदायमा आत्मनिर्भरता बढ्नुको साटो त्यो निरन्तर कम हुँदै जाओस्, किसानको लागत र खर्च कम हुनको साटो सधैं बढी हुँदै जाओस् । फलस्वरूप पुँजीपति वर्गलाई बढी नाफा खान मिलोस् ।

